# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

फोन नं: ०६३-४०२०५३ (प्र.प्र.अ),
०६३-४०२०७३ (अध्यक्ष)


पत्र संख्या:०८२/८३
सूचना. नं. : 90

मिति: २०८३/०३/३०

## भू-उपयोग क्षेत्र परिवर्तनको लागि सरोकारवाला सर्वसाधारणहरुमा निवेदन पेश गर्न आह्वान गरिएको सूचना !!!

**भू-उपयोग ऐन २०७६ ,भू-उपयोग नियमावली,२०७९** तथा **फेदीखोला गाउँ कार्यपालिकाको स्थानीय भूमि ऐन,२०७८** बमोजिम तयार गरिएको **फेदीखोला गाउँपालिकाको भू-उपयोग योजना तथा भू- उपयोग वर्गीकरण कित्ता विवरण,२०८०** मा प्रचलित ऐन, कानूनको मापदण्ड, मूल्य र मान्यताको प्रतिकूल हुने गरी फरक क्षेत्रमा वर्गीकृत हुन गएका एवम् वर्गीकृत हुन छुट भएका कित्ता विवरण वर्गीकृत गर्न तथा क्षेत्र परिवर्तन गर्नको लागि **भू-उपयोग ऐन २०७६** को **दफा ८** को **उपदफा (२क)** बमोजिम भू-उपयोग क्षेत्र परिवर्तन गर्न मनासिव देखिएमा एक पटकका लागि स्थानीय भू-उपयोग परिषद्ले गर्न सकिने व्यवस्था भएको हुदा सरोकारवाला सर्वसाधारणले निवेदन पेश गर्नका लागि ३५ दिन अवधिको सूचना प्रकाशन गरी निवेदन सङ्कलन गर्ने र प्राप्त निवेदन उपर प्राविधिक अध्ययन तथा प्रचलित ऐन, कानून अनुसार वर्गीकरणको विषयमा निर्णय गर्ने भन्ने निर्णय भएकोले सरोकारवाला सर्वसाधारणले सूचना प्रकाशन भएको मितिले ३५ दिन (भदौ १ गते) भित्र रितपूर्वकको निवेदन यस कार्यालयको भवन तथा मापदण्ड कार्यान्वयन उप-शाखामा दिनुहुन यसै सार्वजनिक सूचना मार्फत आह्वान गरिन्छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१) भू-उपयोग नियमावली,२०७९ को अनुसूची-४ अनुसारको निवेदन।

२) नागरिकताको प्रमाणपत्र / संस्था दर्ता प्रमाणपत्रको छायाँप्रति।

३) भू-उपयोग क्षेत्रमा वर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको छायाँप्रति।

४) नापी नक्सा/ ट्रेस नक्सा।

५) जग्गाधनी दर्ता प्रमाण पूर्जाको छायाँप्रति।

**(पुनश्च):** यस सूचनाका सम्बन्धमा थप केही जानकारी आवश्यक परेमा सम्बन्धित वडा कार्यालयमा वा यस कार्यालयका कर्मचारी (सर्भेक्षक, श्री लक्ष्मी राज जोशी, सम्पर्क नं.९८६९३७९२१५) सँग कार्यालय समयमा सम्पर्क गर्न सकिने व्यहोरा समेत अवगत गराइन्छ ।

...........................
विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत